नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ राजविराज दैनिक स.नि.हु.का.द.नं. ५/०६४/०६५
वर्ष ३५ अंक २१९ २०८२ साल चैत २१ गते शनिबार (4 Apr 2026 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : थिलथिलिएको बिपी राजमार्गमा ... ३ पृष्ठमा : संवैधानिक इजालाससम्बन्धी छुट्टै ... ३ पृष्ठमा : इरान अझै आक्रमण गर्न ...

# कान उपचार केन्द्रको नवनिर्मितको उद्घाटन

# नेपालमा १८ प्रतिशत जनता कान रोगबाट ग्रसित







**दैनिक समाचारदाता**
**राजविराज, २० चैत ।**

राजविराजस्थित इम्प्याक्ट नेपाल ठाकोदेवी जोगेन्द्र भगत कान उपचार केन्द्रको नवनिर्मित भवनको शुक्रबार एक समारोहबीच उद्घाटन गरिएको छ ।

कार्यक्रमका प्रमुख अतिथि एवं जग्गादाता जोगेन्द्र भगतले नवनिर्मित भवनको रिवन काटेर उद्घाटन गरेका हुन् ।

इम्प्याकट नेपालका अध्यक्ष रमेशकान्त अधिकारीको अध्यक्षतामा आयोजित समारोहमा इम्प्याक्ट नेपालका सम्वर्द्धक अध्यक्ष प्राडा. राकेश प्रसाद श्रीवास्तव, उपाध्यक्ष लक्ष्मीराज पाठक, कार्यकारी अध्यक्ष रमाकान्त पौडेल, राजविराज वडा नं. ९ का वडाअध्यक्ष जवाहर यादव लगायतले जिल्लाबाट कानको उपचारका लागि अन्य ठाउँ जानु पर्ने स्थिति हटेको जनाउँदै नवनिर्मित भवनबाट अब कानको शल्यक्रिया समेत संचालन हुने कुरा जिल्लावासीका लागि खुशीको खबर भएको बताए ।

सो अवसरमा जग्गादाता जोगेन्द्र भगत र उनकी श्रीमती ठाकोदेवीलाई अध्यक्ष अधिकारीले दोसल्ला ओढाई तथा सम्वर्द्धक अध्यक्ष श्रीवास्तवले प्रमाणपत्र प्रदान गरेर सम्मान गरे । सो अवसरमा जग्गादाता भगतले आफुले प्रदान गरेको जग्गामा निर्माण भएको भवनबाट हजारौं कानका बिरामीले सरल रुपमा सेवा पाउने विश्वास व्यक्त गरे ।

सो अवसरमा इम्प्याक्ट नेपालका महासचिव प्रा.डा. बिमल कुमार सिन्हाले बि.स. २०५० सालमा अपाङ्गता रोकथाम गर्ने उद्देश्यले स्थापना भएको इम्प्याक्ट नेपाल कान उपचार केन्द्रले अहिले नेपालको ३२ जिल्लामा सेवा दिइरहेको जानकारी दिए । कान उपचार केन्द्र सप्तरीमा बि.स. २०६७ सालमा स्थापना भइ हाल आफ्नै भवनबाट सेवा दिइरहेको उल्लेख गरे ।

बाल स्वास्थ्य, पोषण, जनचेतना, सरसफाई, सुरक्षित मातृत्व लगायतका क्षेत्रमा काम गर्दै आइरहेको इम्प्याक्ट नेपालले सप्तरीको छिन्नमस्ता गाउँपालिकामा वर्थिङ सेन्टर स्थापना गरेर ग्रामिण भेगका जनतालाई सेवा दिइरहेको जनाए ।

नेपालमा १८ प्रतिशत जनता अहिले कानको रोगबाट ग्रसित रहेको जानकारी दिँदै महासचिव सिन्हाले मुलुक बाहिर १३ वटा देशमा इम्प्याक्ट नेपालले सेवा दिइरहेको बताए ।

कान उपचार केन्द्र राजविराजका प्रमुख नरेश यादवले भवन उद्घाटन भएसँगै अब केही दिनमै यसै केन्द्रबाट कानका बिरामीको शल्यक्रिया समेत सुचारु हुने जानकारी दिँदै जिल्लावासी अब उपरान्त कानको शल्यक्रियाका लागि अन्य ठाउँ जानु नपर्ने उल्लेख गरे । यस केन्द्रमा सप्तरीवासी मात्र नभई छिमेकी जिल्ला गाइघाट, सुनसरी, छिमेकी मुलुक भारतको बिहार राज्यका जनताहरु पनि लाभान्वित हुने विश्वास व्यक्त गरे ।

## गैरकानुनी रुपमा रकम असुल्ने कार्यमा संलग्न व्यक्तिलाई कार्यालय प्रवेशमा निषेध




**दैनिक समाचारदाता**
**राजविराज, २० चैत ।**

जिल्ला प्रशासन कार्यालय सप्तरीले जिल्लास्थित कुनै पनि सरकारी कार्यालयमा गैरकानुनी रुपमा रकम असुल्ने कार्यमा संलग्न व्यक्तिलाई कानुन बमोजिम कारवाही हुने जनाएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी नरेश कुमार यादवद्वारा शुक्रबार जारि सूचनामा त्यस्तो कार्यमा संलग्न व्यक्तिहरुलाई कार्यालय वरिपरी तथा कार्यालय प्रवेशमा समेत निषेध गरिएको उल्लेख छ ।

सूचनामा "जिल्लास्थित सरकारी कार्यालय वरिपरि तथा कार्यालय भित्र प्रवेश गरी सेवाग्राहीहरुलाई सहयोग र सहजिकरण गर्ने नाममा गैर कानूनी रुपमा रकम असुल गर्ने कार्यमा संलग्न व्यक्तिहरुलाई कार्यालय वरिपरी तथा कार्यालय प्रवेशमा निषेध गरिएको छ । यस्ता गतिविधीमा संलग्न व्यक्तिहरु फेला परेमा कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारीको लागि सुचित गरिन्छ ।" उल्लेख छ ।

## आत्महत्या गर्न दुरुत्साहन गरेको आरोपमा विद्यालय संचालक र कर्मचारी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २० चैत ।**

सप्तरी प्रहरीले छात्रावासमा भएको कुटपिट घटनापछि एक युवकलाई आत्महत्या गर्न दुरुत्साहन गरेको आरोपमा विद्यालय संचालक र एक कर्मचारीलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा खडक नगरपालिका वडा नं. १० का ४९ वर्षीय धिरेन्द्र प्रसाद चौधरी र सिरहाको लहान नगरपालिका वडा नं. २० हाल खडक नगरपालिका ७ स्थित फुलेश्वर पब्लिक बोर्डिङ स्कुलमा कार्यरत ४१ वर्षीय भोला मण्डल रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार चैत ७ गते राति खडक नगरपालिका ७ कल्याणपुरस्थित फुलेश्वर पब्लिक बोर्डिङ स्कुलको छात्रावासमा बस्दै आएका धिरेन्द्र साहसँग मोबाइल फेला परेको थियो । सो मोबाइल विद्यालय सञ्चालक चौधरी तथा उनका सहयोगीले माग्दा 'साथीको हो' भन्दै दिन नमानेपछि साहलाई कुटपिट गरिएको थियो ।

कुटपिट पश्चात् पीडितलाई आत्महत्या गर्न बाध्य बनाएको आरोपमा घटना लगत्तै फरार रहेका चौधरी र मण्डललाई प्रहरीले चैत बुधबार साँझ पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए ।

पक्राउ परेका उनीहरुलाई आत्महत्या दुरुत्साहन मुद्दामा सप्तरी जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी इलाका प्रहरी कार्यालय कल्याणपुरबाट थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

नेपाल सरकार
गृह मन्त्रालय
QR कोड
**जिल्ला प्रहरी कार्यालय सप्तरी राजविराज**
**सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धी**
**प्रकाशित मिति : २०८२/१२/२१ गते शनीबार ।**
यस जिल्ला प्रहरी कार्यालय सप्तरी राजविराजको परिसर भित्र मौज्दात स्वामित्व नखुलेका चोरी तथा वेवारिसे सवारी साधन मोटरसाइकलहरूको कानुनी प्रकृया पुरा गरी व्यवस्थापन गर्ने प्रयोजनार्थ "सरकारी सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धी कार्यविधि, २०७९ को परिच्छेद ३ दफा २०" बमोजिम लिलाम बिक्री गर्ने निर्णय भएको सम्पत्ति मोटरसाइकलहरू जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्याम द्वारा लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा बोलपत्र आव्हान गर्नको लागि सार्वजनिक सूचना प्रकाशन गर्नु पर्ने व्यवस्था अनुसार यस कार्यालयको face book page:- District police office Saptari मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधाम धनुषाको फेसबुक पेज र माथिको QR कोडमा राखिएको हुँदा उक्त विवरण हेरी ईच्छुक व्यक्ती, फर्म, संस्था वा कम्पनीहरूलाई बोलपत्र आव्हान गर्न हुनको लागिअनुरोध गरिएको छ ।

## सम्पादकीय ....

### खाद्यान्न खरीदमा ध्यान पुऱ्याऔं

हामी मानिस जसरी स्वस्थ रहन सचेत रहन्छौं र स्वस्थका लागि विभिन्न प्रकारको ब्याम, उपचार, खानपिनमा ध्यान तथा परहेज लगायतका काम गर्छौं त्यसरी नै खाद्यान्न खरीदमा पनि त्यत्तिकै ध्यान पुऱ्याउनु आवश्यक छ। अहिलेको समयमा विभिन्न प्रकारका खाद्यान्नमा मिसवाट हुने गरेको पाइएको देखिन्छ। चामल, दाल, मासु, दूध मात्र होइन दैनिक उपभोग्य हरेक सामानमा मिसाबटहरु हुने गरेको पाइएको छ। खाद्यान्न बाहेक पेट्रोल, डिजेल, मदिरा, मिठाई सहितका सामानमा पनि मिसाबट गर्ने गरिएको छ। खासगरी स्थानीयस्तरमा उत्पादन हुने वस्तुहरुमा खुल्लेआम मिसाबट हुँदै आएको छ।

खाद्यान्नमा अखाद्य वस्तुको मिसावटले प्रत्यक्ष रुपमा स्वास्थ्यमा असर पर्ने गरेको छ। जस्तै चामल, गहुँ, दाल लगायतमा अखाद्य बस्तु फेला परिरहेको हुन्छ भने खसीको मासुमा बाखाको मासु, तोरीको तेलमा अन्यको तेल, दूधमा पर्याप्त पानी र कमी भए पाउडर, खुर्सानीको धुलो र बेसारको धुलोमा ईंटाको धुलो मिसाउने काम। यस्तै हरियो तरकारी र मिठाईलाई आकर्षक बनाउन अत्यधिक रंगको प्रयोगले व्यक्तिको स्वास्थ्यमा नकारात्मक असर पार्ने गरेको छ। रंगको प्रयोग हरेक किसिमको हरियो तरकारीमा समेत प्रयोग भएको देख्न पाइन्छ। यदी लगातार खाद्य बस्तुमा मिसाबट भइरहने हो भने व्यक्तिको स्वास्थ्यमा गम्भिर असर पर्ने स्वभाविकै हो।

यस्ता खाद्यान्न खरीद गर्दा उपभोक्ताले सुरुमै चेकजाच गरेर मात्र खरीद गर्नुपर्छ। उपभोक्ताको स्वास्थ्यसँग खेलवाड गर्नु गैरकानुनी हो। मानव स्वास्थ्यमा प्रत्यक्ष रुपमा असर पर्ने बस्तुप्रति आजैदेखी सचेत हुनपर्छ। त्यस्ता खाले गतिविधि गर्ने जो सुकैलाई कानुनको दायरामा ल्याउनु आवश्यक छ। तसर्थ सम्बन्धीत निकायले मानव स्वास्थ्यलाई मध्यनजर गरेर ठोस कदम उठाउनु अति आवश्यक रहेको छ।


डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# थिलथिलिएको बिपी राजमार्गमा कहिलेसम्म कठिनाईपूर्ण यात्रा ?

**राजकुमार पराजुली**

काभ्रेपलाञ्चोक, २० चैत (रासस)।

बिपी राजमार्गको यात्रा डेढ वर्षदेखि कठिनाईपूर्ण बनिरहेको छ। हालका दिनमा भइरहेको मध्यम र हल्का वर्षाले पनि पटकपटक अबरुद्ध हुने गरेको उक्त राजमार्ग यो चैत महिनाको मध्यसम्म दुईपटक अबरुद्ध भैसक्यो। डेढ वर्षअघिसम्म मध्यपहाडी क्षेत्रको यात्रालाई सहजता दिलाएको उक्त राजमार्ग दुई वर्षमा 'ठीकठाक' पार्ने गरी स्थायी पुनर्निर्माण भने सुरु भैसकेको छ।

सङ्घीय राजधानी काठमाडौंलाई पूर्वी नेपालसँग जोड्ने छोटो, एक मात्र वैकल्पिक र अत्यन्त महत्वपूर्ण सडकमार्ग बिपी राजमार्ग। विशेषगरी यस राजमार्गको काभ्रेपलाञ्चोकको चौकीडाँडादेखि सिन्धुलीको विभिन्न क्षेत्रस्थित सडकखण्डमा यस र अघिल्लो वर्षको असोजका बाढीपहिरोले 'थिलथिलो' नै बनाएको छ। यस राजमार्गको मध्यक्षेत्र अर्थात काभ्रेपलाञ्चोकतर्फको सडकखण्ड भत्किएर क्षतविक्षत् तथा बगाएपछि यात्रा जोखिमपूर्ण अवस्थाबाट गुज्रिरहेको छ। उक्त राजमार्गको सडक-सम्पर्क बिच्छेदसमेत भएको हो।

वर्षायाममा केही भागमा क्षति पुऱ्याएपनि दुई वटाका असोजका अविरल वर्षामा काभ्रेपलाञ्चोकको रोशी खोलामा आएको बाढीले राजमार्गका सडकखण्ड क्षतिग्रस्त बनाइदिएको थियो। यसवर्ष पनि गत असोजमै राजमार्गको विभिन्न सडकखण्डमा सडकको नामोनिसा नै मेटिनेगरी, पैदलसमेत हिड्ने नसक्ने गरी बाढीपहिरोले तहसनहस बनाइदिएको थियो। गत साल असोजमा क्षतविक्षत् राजमार्गमा अस्थायी सडक एवं डाइभर्सन बनाई सञ्चालन गरिएपनि स्थायी बनाउने प्रक्रियामै रहेका बेला राजमार्ग पुनः थिलथिलो बन्पुऱ्यो।

डिभिजन सडक कार्यालय भक्तपुरको प्रारम्भिक अनुगमन निरीक्षणअनुसार करिब चार किलोमिटर सडक नै बगाएको छ। यसका कारण खोलाबाटै डाइभर्सन बनाएर सवारी सञ्चालनमा ल्याउनुपऱ्यो। करिब २६ अर्ब जापानी येन बराबरको लागतमा खण्डखण्डमा निर्माण सम्पन्न यस राजमार्गले पूर्वी नेपाललाई राजधानीसँग छोटो र सिधा जोड्को छ। यस राजमार्ग निर्माण सम्पन्न भएपछि पूर्व-पश्चिम राजमार्ग हुँदै नारायणघाट–मुग्लिन–काठमाडौं घुम्नुपर्ने झन्झट हटाइदिएको थियो।

गत वर्षको असोज १०, ११ र १२ मा परेको अविरल वर्षाका कारण रोशी खोला बढीले बर्दिबासदेखि धुलिखेलसम्म १० किलोमिटर सडक क्षतिग्रस्त भएको थियो। त्यसलाई अस्थायी मर्मत गरेर सञ्चालनमा ल्याएको वर्ष दिनपछि गत असोज १७र१८ मा वर्षाले पुनः क्षति गराएको हो। सङ्घीय राजधानी काठमाडौँबाट बागमती प्रदेशअन्तर्गत अरनिको राजमार्गअन्तर्गत धुलिखेलबाट सुरु भएको यस राजमार्ग मध्यपहाडीको हाल निर्माणाधीन पुष्पलाल रार्जमार्गसँग समेत जोडिएको छ। तर, भूकम्पले केही दूरीका सडक भत्काएको यस मार्गलाई २०८१ र २०८२ सालको बाढीपहिरोले थप क्षतिग्रस्त बनाएको हो।

राजमार्गअन्तर्गत यस क्षेत्रमा पुल नबनेका भ्याकुरे, घ्याम्पे र रोशी खोला बारम्बार समस्या बन्दै आइरहेका छन्। वर्षा भएका बेला यी खोलाबाट आउने खहरे र बाढीले हरेक दिनजसो बाटो बन्द हुने अवस्था निम्तिएको छ। यस्तै गत सालको वर्षाले काभ्रेपलाञ्चोकेको भकुण्डेबेँसीदेखि सिन्धुलीको नेपालथोकसम्म करिब ३० किलोमिटर सडकमा बाढीले नराम्रो क्षति पुऱ्याएको थियो। विशेषगरी नेपालथोक-आँपटार, कालढुङ्गा, डालाबेंसी, चिउरीबास, एक नम्बर पुललगायतका ठाउँमा सयौं मिटर सडक बगाएको छ। त्यसबेला सानो खोलाले पनि डाइभर्सनसमेत बगाएको थियो।

गतसाल राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकतर्फको नार्के बजार, चौकीडाँडा, दाउन्ने, माम्ती खोला र वेंसीका सडकखण्ड पूर्णरुपमा बगाएका थियो। गत सालको वर्षाले बगाएको सडकमा अस्थायी ट्र्याक खोलिएको भए पनि गत वैशाख अन्तिम साताको बाढीले फेरि डाइभर्सनलगायत अस्थायी सडक बगाएको थियो। त्यसलाई पनि अस्थायी मर्मत गरी सञ्चालनमा ल्याइएको थियो। यसैबीच पटकपटकको बाढीपहिरोले क्षतिग्रस्त बिपी राजमार्गको हाल स्थायी रुपमा पुनःनिर्माणकार्यलाई तीव्रता दिइएको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ। उक्त राजमार्गको क्षतिग्रस्त सडकखण्डको तीन स्थानबाट थालिएको स्थायी पुनःनिर्माणकार्यलाई तीव्रता दिइएको हो।

राजमार्गको जोखिमयुक्त स्थानमा आउँदो वर्षाअघि नै पूर्वाधार निर्माण सक्ने र राजमार्गबाट नै यातायातका साधन सञ्चालन गर्नेगरी निर्माण कार्यलाई तीव्रता दिइएको कार्यालय प्रमुख सिनियर डिभिजनल इन्जिनियर सुमन योगेशले बताउनुभयो। उहाँका अनुसार राजमार्गमा भैरहेको काम हेर्दा दुई वर्षभित्र सडक पुनर्निर्माणको काम सकिनेछ। हालसम्म काभ्रेपलाञ्चोकतर्फ ठेक्का लागेको तीन वटा सडकखण्डमा कुल २५ प्रतिशत काम भएको योगेशको भनाइ छ।

विशेषगरी २०८१ असोजमा आएको बाढीपहिरो तथा यस वर्षको वर्षामा थप क्षति पुगेपछि गत मङ्सिरदेखि पक्रिया पुऱ्याएर स्थायी पुनःनिर्माण थालिएको हो। क्षग्रिस्त चार खण्डमध्ये बाँकी एक खण्ड जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले पुनर्निर्माण गर्ने बर्खेखोलादेखि पिप्लेसम्मको ३ दशमलव २ किलोमिटर सडक निर्माणको काम यसै महिनाभित्र ठेक्का सम्झौता हुने योगेशले जानकारी दिनुभयो। क्षति पुऱ्याएको विभिन्न स्थानमा 'आरसीसी' पर्खाल लगाउने काम भइरहेको छ भने चौकीडाँडामा खोलाबाट पर्खाल लगाउन तथा चारसयवेँशी र भकुण्डेबेँशीमा पनि 'आरसीसी' पर्खाल लगाउन सुरु गरिएको छ। यस्तै डालाबेँशी, मङ्गलटार खण्ड, चारसयवेँशीदेखि नार्के खण्डमा सडक चौडा बनाउने कामसमेत भइरहेको योगेशले बताउनुभयो। उहाँका अनुसार गतवर्ष र यसवर्षको बाढीले सडक पूर्ण क्षति भएको स्थानमा बाढीले क्षति नगर्ने संरचना निर्माणको डिजाइन गरिएको छ।

राजमार्गको काभ्रेपलाञ्चोक र सिन्धुलीको क्षतिग्रस्त खण्डको आगामी दुई वर्षभित्र पुनर्निर्माणको काम सक्ने लक्ष्य राखिएको छ। कार्यालयका अनुसार क्षतिग्रस्त राजमार्गको पुनर्निर्माणको लागि तीन खण्डमा एकैसाथ काम सुरु गरिएको हो। यसवर्ष क्षतिग्रस्त स्थानमा संरचना निर्माण गर्ने, सडक चौडा गर्नेलगायतको काम सम्पन्न गर्ने र आगामी वर्ष बाँकी रहेका केही स्थानमा संरचना बनाई कालोपत्रे गरी कामलाई तीव्रता दिइएको योगेशले बताउनुभयो। बाढीपहिरोले उक्त राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोक र सिन्धुली खण्डको करिब ३० किलोमिटर सडकमा क्षति पुऱ्याएको थियो।

अबको पुनःनिर्माणमा राजमार्गको स्तरोन्नति गर्दै दुई लेनको सडक निर्माण गरिने भएको हो। "पुनःनिर्माण हुने सडकखण्डमा दुई लेनको सडक बन्नेछ भने यसभित्र रहेका पुलसँगै अर्को पुल निर्माण गरेर पुललाईसमेत दुई लेनको निर्माण गरिनेछ", योगेशले भन्नुभयो। उहाँका अनुसार पाँच वटा पुललाई दुई लेनमा परिणत गर्नेसमेत योजना बनाइएको छ।

डालाबेँसीदेखि चारसयबेँसीसम्म ८ दशमलव ५ किमी सडक पुनःनिर्माणका लागि खानी-एवन-कमलजीत जेभीले रु एक अर्ब ४२ करोड ३७ लाख (भ्याटसहित)मा निर्माण गर्ने गरी ठेक्का पाएको कार्यालयले जनायो। यस्तै चारसयबेँसीदेखि भकुन्डेबेँसीसम्मको ११ दशमलव ८ किमी सडक पुनःनिर्माणका लागि लामा-नवकान्तिपुर जेभीलाई रु एक अर्ब ३३ करोड ५३ लाखमा ठेक्का दिइएको हो। नेपालथोकदेखि बर्खेखोलासम्म ४ दशमलव ९० किमी सडक पुनर्निर्माणका लागि रु ६१ करोड (भ्याटसहित)मा निर्माण गर्ने गरी खरिढुङ्गा-घिसिङ-क्षितिज जेभीसँग ठेक्का सम्झौता गरिएको जनाइएको छ।

क्षतिग्रस्त कूल २९ दशमलव पाँच किमी सडकमध्ये बर्खेखोलादेखि पिप्लेसम्मको ३ दशमलव २ किमी सडकलाई जाइकाले रु २ अर्ब ६३ करोड बराबरको अनुदान उपलब्ध गराउने समझदारीपत्रमा हस्ताक्षर भइसकेको छ। कार्यालयले जाइकाले निर्माण गर्ने सडकखण्डबाहेकका अन्य खण्डमा सरकारले गत असोजअघिनै ठेक्का लगाइसकेको थियो। क्षतिग्रस्त खण्ड पुनःनिर्माणका लागि सरकारले रु ८ अर्ब ५० करोड स्रोत सहमति दिएको हो। यसमध्ये काभ्रेपलाञ्चोकतर्फका तीन सडकखण्डलाई रु सात अर्ब ५० करोड र सिन्धुलीको एक सडकखण्डलाई रु एक अर्बको स्रोत सहमति दिइएको हो। बिस्तृत अनुगमन निरीक्षण गरी पुनः अस्थायी बनाउने काम थालिएको कार्यालयको इन्जिनियर बिन्दु अधिकारीले जानकारी दिनुभयो।

गत असोज १७ गते रातिदेखि निरन्तर परेको वर्षाले उक्त राजमार्गको भकुन्डे-नेपालथोक सडकखण्डमा धेरै क्षति पुऱ्याएको कार्यालयले जनाएको छ। इन्जिनियर अधिकारीका अनुसार बीपी राजमार्गअन्तर्गत उक्त सडकखण्डको १७ स्थानमा रोशी खोलाले क्षति पुऱ्याएको छ भने राजमार्गको चौकीडाँडा, बोक्सेकुना, माम्ती, चार सयबेँसी, घुमाउनेलगायतका स्थानमा निकै नै जोखिम रहेको छ। यी स्थानमा अब शून्यबाटै फेरि मर्मत सुरु गरिने अधिकारीको भनाइ छ।

कार्यालयका अनुसार हाल एक सय १० किलोमिटर सडकमा यातायात पुनः सञ्चालनमा रहेको र ५० किलोमिटर पुनर्निर्माणको चरणमा रहेको छ। कार्यालयले गतसाल असोजको बाढीपहिरोले क्षतिग्रस्त बिपी राजमार्गअन्तर्गत २९ किलोमिटर सडकखण्डलाई चार खण्डमा पुनर्निर्माण गर्नेगरी यस वर्ष प्रक्रिया अघि बढाइएको थियो। त्यतिबेलाको बाढीपहिरोले आठ किलोमिटर सडक पुरै बगाएको थियो।

यस्तै क्षतिग्रस्त राजमार्ग स्थायी पुनर्निर्माण गर्दा इन्टरमिडियट लेनबाट कम्तीमा दुई वटा गाडी सहजरुपमा गुड्ने गरी सात मिटर चौडाइको कालोपत्रे भएको र अर्को रोशीखोलामा बाढी आउँदा बाढीले खोल्नसक्ने नदीको सतहभन्दा तलबाट आरसिसी पर्खाल लगाएर सडक निर्माण गरिने जनाइएको छ। कार्यालयले पहिलो चरणमा भकुन्डेदेखि नेपालथोकसम्मको २८ किलोमिटर सडक दुई लेनको बनाउने छ। राजमार्गमा जोखिमका कारण पटकपटक विशेषगरी राति सवारी सञ्चालनमा रोक लगाउँदै आइएको छ। दैनिक करिब तीन हजार सवारीसाधन आवतजावत गर्ने उक्त राजमार्गमा चाडवाडका बखत भने तेब्बर सवारी साधन ओहोरदोहोरगर्छन्।

त्यसो त जाइकाको प्राविधिक अध्ययनले बिपी राजमार्गमा १६ टनभन्दा माथिको सवारीसाधन सञ्चालन गर्न रोक लगाएको छ। तर व्यापारीले प्रशासनलाई प्रभावमा पारेर २५ टनसम्मका सवारीसाधन सञ्चालन गर्दै आइरहेका छन्। बिपी राजमार्गमा ट्रिपरले २५ टनसम्म गिट्टी वालुवा लिएर निर्वाध रुपमा सञ्चालन हुने गरेपनि नियम कार्यान्वयन गर्ने निकाय भने प्रायः मुकदर्शक नै बन्ने गरेको पाइन्छ। बिपी राजमार्गको संरचना भत्काउने मुख्य कारकको रुपमा यस सडकमा सञ्चालन हुने टिपर पनि रहेका छन्। दैनिक यस सडकमा छ सयभन्दा बढी टिपर क्षमताभन्दा बढी लोड लिएर सञ्चालन भइरहेका छन्। बेलाबखत प्रहरीले चेकिङ गरे पनि नियमित रुपमा अनुगमन हुन सकिरहेको छैन। यसको फाइदा टिपर व्यवसायीले उठाउँदै आएका छन्। सङ्गठित रुपमा टिपर सञ्चालक र क्रसर व्यवसायीले स्थानीय प्रशासनलाई प्रभाव पार्दै बिपी राजमार्गको संरचनालाई जोखिममा पार्दै आएका पनि छन्।

जिल्ला ट्राफिक प्रहरी कार्यालय काभ्रेपलाञ्चोकका अनुसार हाल बिपी राजमार्गमा साना ठूला गरी दैनिक ३ हजारभदा बढी सवारी साधन आवतजावगत गर्ने गरेका छन्। मुग्लिन-नारायणगढ सडकखण्ड अवरुद्ध हुँदा पूर्वबाट आउने अधिकांश साना सवारी साधन बिपी राजमार्ग हुँदै सञ्चालन हुने गरेका छन्। यस सडकमा टिपर, मिनी बस, टाटासुमो र माइक्रोबस बढी सञ्चालन हुने गरेका छन्। जापान सरकारको अनुदान सहयोगमा आर्थिक वर्ष २०५३/५४ बाट बिपी राजमार्ग (धुलिखेल-सिन्धुली-बर्दिबास एक सय ६० किमी सडक) निर्माण कार्य सुरु गरिएको थियो। खण्डखण्ड बिभाजन गरी निर्माण सम्पन्न राजमार्गको २०७२ असार १८ गते औपचारिक रुपमा जापान सरकारले नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो। उक्त राजमार्ग केन्द्रीय राजधानी काठमाडौंलाई मध्यपहाडी तथा पूर्वी नेपालसँग जोड्ने छोटो मार्गका रुपमा लिइएको छ।

# संवैधानिक इजलाससम्बन्धी छुट्टै 'वेब पोर्टल' प्रारम्भ

काठमाडौँ, २० चैत (रासस) ।

सर्वोच्च अदालतमा संवैधानिक विवादको समयमै निरुपण, पारदर्शिता र जवाफदेहिताका लागि संवैधानिक इजलाससम्बन्धी 'वेब पोर्टल' प्रारम्भ गरिएको छ ।

सर्वोच्च अदालतमा शुक्रबार आयोजित कार्यक्रममा कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्लले पोर्टलको उद्घाटन गर्दै संवैधानिक इजलासको सुदृढीकरण, संविधानको रक्षा र न्यायमा पारदर्शिताका लागि पोर्टल प्रारम्भ गरिएको बताउनुभयो । "संवैधानिक इजलास सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मुटु हो, संविधानको अन्तिम व्याख्याता हो, तर, विडम्बना ! आज यही इजलास कार्यबोझ र प्रक्रियागत ढिलाइको चापमा छ । यसलाई थप सक्रिय र विश्वासिलो बनाउन हाम्रा कदमहरू सोहीअनुसार केन्द्रित हुनेछन्", उहाँले भन्नुभयो ।

हाल संवैधानिक इजलासमा दुई ८२ भन्दा बढी मुद्दाहरू विचाराधीन छन् । तीमध्ये कतिपय आठ वर्षभन्दा पुराना छन् भने पाँच वर्ष नाघेका मात्रै ७३ वटा मुद्दा छन् । "कतिपय मुद्दाका मिसिलहरू नै जलेका छन्, तथापि हामीले सम्हालिएर काम गरिरहेका छौँ । अब 'हेर्न नमिल्ने' वा 'समय अभाव' का कारण इजलास स्थगित हुने परम्पराको अन्त्य गर्ने गरी काम गर्दैछौँ", कामु प्रधानन्यायाधीश मल्लले भन्नुभयो, "संवैधानिक इजलासलाई थप व्यवस्थित बनाउन अबदेखि हप्ताको दुई दिन अनिवार्य रूपमा इजलास बस्ने सुनिश्चितता गरिएको छ ।"

उहाँले मुद्दाको छिटो किनारा मात्र लगाउने नभई संवैधानिक अन्योललाई समयमै समाधान गरी राज्यका अङ्गहरूलाई दिशा निर्देशन गर्ने स्पष्ट पार्नुभयो । "लोकतन्त्रमा जनमतको सम्मान सर्वोपरी हुन्छ, निर्वाचित प्रतिनिधिहरूको वैधानिकतामाथि उठेका प्रश्नहरू वर्षौंसम्म अल्झिरहनुहुँदैन", कामु प्रधानन्यायाधीश मल्लले अगाडि भन्नुभयो, "त्यसैले, निर्वाचनसम्बन्धी सबै विवाद र मुद्दाहरूलाई प्राथमिकतामा राखी अन्तिम फैसला गरिने गरी कार्ययोजना अघि बढाइनेछ । पदावधीको औचित्यता सकिएपछिको फैसलाको कुनै अर्थ हुँदैन ।"

उहाँले संवैधानिक इजलासमा विचाराधीन मुद्दाहरूमध्ये न्यूनतम एक तिहाई मुद्दा आगामी तीन महिनाभित्र फर्छ्यौट गर्नुका साथै सङ्घ र प्रदेशबीचका अधिकारका सम्बन्धमा स्पष्टता दिएर राज्य संयन्त्रलाई द्वन्द्व होइन सहकार्यतर्फ डोऱ्याउने बताउनुभयो । कामु प्रधानन्यायाधीश मल्लले कुनै कानुन संविधानसँग बाँझिएमा इजलासले संविधान सङ्गत कानुनको परीक्षण गर्ने उल्लेख गर्नुभयो ।

न्यायालयमा जनआस्था वृद्धिका लागि न्याय भएको देखिनुपर्ने भन्दै उहाँले संवैधानिक व्याख्याका गम्भीर बहसलाई आमनागरिकको पहुँचमा पुऱ्याउन प्रत्यक्ष प्रसारण राम्रो माध्यम भएको धारणा राख्नुभयो । "महत्त्वपूर्ण फैसलामा 'लाइभ स्ट्रिमिङ' गर्ने अभ्यास गरिसकेका छौँ, हाल संरचना नभएका कारणले जटिलता रहेको छ", कामु प्रधानन्यायाधीश मल्लको भनाइ थियो, "अब यसलाई बृहत् रुपमा विस्तार गर्नका लागि एउटा प्रणालीको स्थापना गर्न एक कार्यदल बनाउनेछौँ, क्रमशः अन्य इजलासहरूमा विस्तार गरिनेछ ।"

'लाइभ स्ट्रिमिङ' अभ्यासले अदालतको कार्यप्रणालीलाई पारदर्शी बनाउन र कानुनका विद्यार्थीदेखि जिज्ञासु नागरिकसम्मलाई दीक्षित गर्दै न्यायापालिका सबैको पहुँचमा पुग्ने उहाँको विश्वास छ । कामु प्रधानन्यायाधीश मल्लअदालतको पञ्चवर्षीय योजनाले परिकल्पना गरेको प्रविधिमैत्री न्याय प्रणालीलाई अवधारणामा सीमित नराखी व्यवहारमै उतार्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले सूचना प्रविधिलाई क्रमशः सुदृढ बनाउँदै, अनलाइन दर्ता, अनलाइन भुक्तानी, भर्चुअल बहस, र फैसलाहरू अनलाइनबाटै प्राप्त हुने व्यवस्था विस्तार गर्दै लैजाने बताउनुभयो ।

सर्वोच्च अदालतका न्यायाधीश तथा सूचना प्रविधि समिति संयोजक डा नहकुल सुवेदीले संवैधानिक इजलाससम्बन्धी नयाँ वेब पोर्टल सुरु गर्नु आफैँमा महत्त्वपूर्ण भएको बताउनुभयो । न्यायपालिकालाई प्रविधिमैत्री बनाएर सेवाग्राही, कानुन व्यवसायी र अदालतप्रति चासो राख्ने व्यक्तिहरूका लागि सहज सेवा दिने अवस्था बनाउन आफूहरू लागि रहेको उहाँको भनाइ छ ।

सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार विमल पौडेलले संवैधानिक इजलासको विषयमा समग्र जानकारीका साथै न्यायालयको पारदर्शिता कायम गर्न पोर्टलको सुरुआत गरिएको बताउनुभयो । उहाँले पोर्टलबाट समग्रमा मुद्दाको फर्छ्यौट, आदेश, फैसला सबै हेर्न मिल्ने भएकाले यो निकै महत्त्वपूर्ण भएको जानकारी दिनुभयो ।

सूचना प्रविधि महाशाखा प्रमुख गौरीनाथ कोइरालाले संवैधानिक इजलाससम्बन्धी वेब पोर्टलबारे जानकारी दिँदै अदालतको पोर्टलभित्र एउटा छुट्टै 'एप्लिकेशन' तयार पारी पोर्टल बनाएको बताउनुभयो ।

हाल सर्वोच्च अदालतमा २७ हजार १४७ मुद्दा फर्छ्यौट गर्न बाँकी रहेका र संवैधानिक इजलासमा हाल दुई सय ८२ थान मुद्दा रहेका त्यस अवसरमा जानकारी दिइयो । नेपालको संविधानको धारा १३७, संवैधानिक इजलाससम्बन्धी व्यवस्था (१) मा सर्वोच्च अदालतमा एक संवैधानिक इजलास रहने प्रावधान छ । इजलासमा प्रधानन्यायाधीश र न्याय परिषद्को सिफारिसमा प्रधानन्यायाधीशले तोकेका अन्य चार जना न्यायाधीश रहने व्यवस्था छ ।

संविधानको धारा १३३ मा सङ्घ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरूबीचको अधिकार क्षेत्रबारेमा भएको विवाद, सङ्घीय संसद् वा प्रदेशसभा सदस्यको निर्वाचनसम्बन्धी विवाद र सङ्घीय संसद्का सदस्य वा प्रदेशसभाका सदस्यको अयोग्यतासम्बन्धी विवाद यस इजलासले हेर्ने व्यवस्था गरिएको छ ।

# खाडीमुलुकमा युद्धको अफवाह फैल्याउने ११ नेपाली पक्राउ

काठमाडौँ, २० चैत (रासस) ।

इजरायल-अमेरिका र इरानबीच चलेको युद्धबारे अफवाह फैलाउने श्रव्यदृश्य सामग्री, तस्बिरलगायत सामाजिक सञ्जालमा पोष्ट गरेका कारण पश्चिम एसियाका विभिन्न मुलुकमा ११ नेपाली पक्राउ परेका छन् । परराष्ट्र मन्त्रालयले शुक्रबार पत्रकार सम्मेलन गरेर उक्त जानकारी गराएको हो ।

पक्राउ पर्नेमा साउदी अरेबियामा चार, युनाइटेड अरब इमिरेट्स (यूएई) र कतारमा तीन/तीन तथा ओमानमा एक जना रहेका छन् । क्षेप्यास्त्र तथा ड्रोनमार्फत भइरहेको आक्रमणको तस्बिर तथा श्रव्यदृश्य सामग्री खिचेर कुनै पनि सामाजिक सञ्जालमा डर त्रास देखाउन पोष्ट गरे कानुनी सजाय भोग्नुपर्ने व्यवस्था छ । त्यही अनुरुप हालसम्म ११ नेपालीलाई सामाजिक सञ्जालमा त्यस्ता किसिमका सामग्री राखेर कानुन उल्लङ्घन गरेको आरोपमा पक्राउ गरिएको मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले जानकारी दिनुभयो ।

"पक्राउ परेका नेपाली नागरिकको अवस्था र छुटाउन सकिने विषयमा सम्बन्धित देशका दूतावास र नियोगहरुसँग जानकारी दिने काम भइरहेको छ । पक्राउ परेका नेपाली नागरिक कुन कानुन उल्लङ्घनअन्तर्गत पक्राउ गरेका हुन् र कति जरिवाना लाग्छ भन्नेबारे जानकारी लिने काम भइरहेको छ", प्रवक्ता क्षेत्रीले भन्नुभयो ।

मध्य पश्चिम मुलुकमा युद्धको प्रभावका कारण रोजगार गुमाउनुपर्ने जोखीम नरहेको प्रवक्ता क्षेत्रीले बताउनुभयो । उहाँका अनुसार खास गरी होटल, रेष्टुरेण्ट र पर्यटन जस्ता क्षेत्रमा नेपाली कामदारले जागीर गुमाउने चिन्ता बढेको भए पनि ठूलो क्षेत्रमा त्यसको खतरा नरहेको सम्बन्धित नियोगहरुले जानकारी दिएका छन् । खाडी मुलुकमा युद्धबाट प्रभावीत/ असुरक्षित भई घर फर्किन चाहने नेपालीलाई उद्धार गर्ने काम निरन्तर भइरहेको उहाँले बताउनुभयो ।

मन्त्रालयले जारी गरेको 'कल सेन्टर'मा नेपाली नागरिकले उडानको अवस्था के छ ? घर फर्किन चाहने र श्रम स्वीकृतिबारे जिज्ञासा राख्ने गरेका प्रवक्ता क्षेत्रीले बताउनुभयो । "अहिलेसम्म ८६ हजार ४२० जनाले नाम दर्ता गराएका छन् । असुरक्षित छु भन्नेको सङ्ख्या विस्तारै कम हुँदै गएको छ । असुरक्षित छु भन्नेहरुले पनि विस्तारै सुरक्षित भएर यहीं काम गर्ने भनिरहेका छन् । ट्रान्जिटमा परेकाहरुको उद्धार लगभग पूरा भइसकेको छ", उहाँले भन्नुभयो ।

# सार्वजनिक बिदाको दिन पनि हुलाकबाट वस्तु आयात-निर्यातको सेवा लिन सकिने

काठमाडौँ, २० चैत (रासस) ।

सार्वजनिक बिदाको दिन पनि हुलाक कार्यालयमार्फत विदेशमा सामान पठाउने र विदेशबाट आयात भएको सामान छुटाउन सकिने भएको छ ।

गोश्वारा हुलाक कार्यालय डिल्लीबजारले यसअघि पनि सार्वजनिक बिदाका दिन सेवा दिँदै आएको भए पनि त्यहाँस्थित भन्सार कार्यालय र बैंक नखुल्दा भन्सार जाँचपासमा समस्या हुने गरेको थियो । अन्तरनिकाय समन्वय अभावमा सेवा प्रभावित भइरहेकोबारे गुनासो आउन थालेपछि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले समेत चासो देखाएको थियो । सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाको निर्देशनपछि हुलाक सेवा विभागले भन्सार विभागसँग समन्वय गरेर सार्वजनिक बिदाको दिन पनि सजिलै सेवा दिन सकिने व्यवस्था मिलाउन प्रक्रिया थालेको हो ।

"मालसामान हुलाक गर्न वा अन्तरराष्ट्रिय कुरियर सेवाका लागि गोश्वारा हुलाक कार्यालयले सार्वजनिक बिदाको दिनमा सेवा दिने गरेको छ । तर त्यहाँ रहेको त्रिभुवन विमानस्थल भन्सार कार्यालयको शाखा सार्वजनिक बिदामा नखुल्दा जाँचपासमा समस्या थियो", हुलाक सेवा विभागका महानिर्देशक मनमाया भट्टराई पङ्गेनीले राससससँग भन्नुभयो, "यो समस्या समाधानका लागि हामीले भन्सार विभागसँग मौखिक र पत्राचारबाट समेत जानकारी गराइसकेका छौँ ।"

भन्सार विभागका महानिर्देशक श्यामप्रसाद भण्डारीले पनि गोश्वारा हुलाक कार्यालयस्थित भन्सार शाखालाई सार्वजनिक बिदाको दिनसमेत सेवा सञ्चालन गर्ने प्रबन्ध मिलाउन लागिएको बताउनुभयो । त्यस्तै, राजस्व भुक्तानीका लागि त्यहाँस्थित बैंक शाखाले पनि आफ्नो सेवाहरू सुचारु राख्ने तयारी थालिएको छ । राष्ट्रिय वाणिज्य बैंकको शाखा सार्वजनिक बिदामा पनि खुला राख्न पहल भइरहेको हो ।

गोश्वारा हुलाक कार्यालय डिल्लीबजारबाट गत फागुन महिनामा मात्र १९ हजार २०० भन्दा बढी पुलिन्दा, पार्सल, साना प्याकेट, साधारण चिट्ठी, रजिस्ट्री चिट्ठी, बुक पोस्टलगायत वस्तु विदेशबाट आएका थिए । त्यस्तै, निर्यात भएका यस्ता वस्तुको सङ्ख्या ११ हजार ७०० हाराहारी छ । जसबाट रु २९ लाख चार हजार हाराहारी भन्सार राजस्व सङ्कलन भएको कार्यालयले जनाएको छ । सार्वजनिक बिदाको दिन कार्यालय सञ्चालन गर्दा नागरिकले सहज सेवा पाउनेमात्र नभई कार्यालयको व्यवसाय र नतिजा प्राप्ति दुवैमा सकारात्मक प्रभाव देखिने अपेक्षा गरिएको छ ।

## विश्व समाचार

# इरान अझै आक्रमण गर्न सक्षम : अमेरिकी प्रतिवेदन

वासिङ्टन, २० चैत (रासस/सिन्ह्वा) ।

पछिल्लो अमेरिकी गुप्तचर मूल्याङ्कनअनुसार इरानसँग अझै पनि उल्लेखनीय सैन्य आक्रमण क्षमता कायम रहेको देखिएको छ ।

प्रतिवेदनका अनुसार अमेरिका र इजरायलले एक महिनाभन्दा अघि गरेको व्यापक आक्रमणपछि पनि इरानका करिब आधा मिसाइल प्रक्षेपण प्रणाली सुरक्षित रहेका छन् भने हजारौँ एकतर्फी आक्रमण ड्रोन अझै प्रयोगका लागि तयार अवस्थामा छन् ।

गुप्तचर जानकारीसँग परिचित एक स्रोतका अनुसार इरान अझै पनि सम्पूर्ण क्षेत्रमा ठूलो क्षति पुऱ्याउन सक्षम रहेको बताइएको छ । यसैगरी, इरानसँग ठूलो सङ्ख्यामा मिसाइलहरू र तटीय रक्षा प्रणालीका रूपमा प्रयोग हुने क्रुज मिसाइलहरूको उल्लेखनीय हिस्सा अझै बाँकी रहेको जनाइएको छ । यी क्षमता होर्मुज जलडमरूमध्य नियन्त्रणका लागि महत्वपूर्ण मानिन्छन् ।

इरानको नियमित नौसेनाका धेरै जहाजहरू नष्ट भए पनि इस्लामिक रिभोलुसनरी गार्डसँग सम्बन्धित छुट्टै नौसैनिक बलले अझै करिब आधा क्षमता जोगाइराखेको बताइएको छ । यसअन्तर्गत सयौँदेखि हजारौँसम्म साना डुङ्गा तथा मानवविहीन जलयानहरू बाँकी रहेका छन् ।

गुप्तचर मूल्याङ्कनले इरानले भूमिगत संरचनाहरू प्रयोग गरेर आफ्ना मिसाइल प्रक्षेपण प्रणाली सुरक्षित राख्न सफल भएको देखाएको छ । इरानले लामो समयदेखि सुरुङ र गुफाहरूको सञ्जालमा यस्ता संरचना लुकाउँदै आएको छ, जसले तिनीहरूलाई लक्ष्य बनाउन कठिन बनाएको छ ।

यसैबीच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सैन्य कारबाही सम्पन्न गर्न दुईदेखि तीन हप्ताको समयसीमा उल्लेख गरे पनि गुप्तचर मूल्याङ्कनको अध्ययन गरेका स्रोतहरूले उक्त समयसीमा यथार्थपरक नभएको बताउनुभएको छ ।

हालसम्म पनि इजरायल, खाडी क्षेत्रमा रहेका अमेरिकी सहयोगी देशहरू तथा अमेरिकी सेनाले इरानबाट हुने नियमित मिसाइल र ड्रोन आक्रमणको सामना गरिरहेका छन् ।

# संयुक्त राष्ट्र सुरक्षा परिषद्मा बहराइनको प्रस्तावमा विश्व शक्तिहरू विभाजित

संयुक्त राष्ट्र, २० चैत (रासस/एपी) ।

हर्मुज मार्ग पुनः सञ्चालनमा ल्याउने विषयमा तयार पारिएको संयुक्त राष्ट्रको प्रस्ताव बहराइनले संशोधन गरेको छ । प्रारम्भिक प्रस्तावमा समावेश गरिएको बल प्रयोगसम्बन्धी प्रावधानलाई हटाउँदै नयाँ मस्यौदा प्रस्तुत गरिएको हो ।

नयाँ प्रस्तावअनुसार जहाजहरूको सुरक्षित आवतजावत सुनिश्चित गर्न 'रक्षात्मक कदम' मात्र लिन पाइने उल्लेख गरिएको छ । यसअघि भने 'आवश्यक सबै उपाय' प्रयोग गर्न सकिने प्रावधान राखिएको थियो, जसले सैन्य कारबाहीको सम्भावना समेत समेट्थ्यो ।

चीन र रुसले बल प्रयोगलाई अनुमति दिने प्रावधानप्रति कडा आपत्ति जनाएपछि प्रस्तावमा यस्तो संशोधन गरिएको हो । यी दुवै देशसँग संयुक्त राष्ट्र सुरक्षा परिषद्मा भिटो अधिकार रहेको छ, जसका कारण उनीहरूको असहमतिले प्रस्ताव पारित हुन कठिन हुने देखिएको थियो ।

हर्मुज मार्ग विश्वकै महत्वपूर्ण तेल आपूर्ति मार्गमध्ये एक हो, जहाँबाट विश्वको करिब पाँचौं भाग तेल ओसारपसार हुने गर्दछ । हाल इरानसँगको द्वन्द्वका कारण यो मार्गमा अवरोध सिर्जना हुँदा अन्तर्राष्ट्रिय बजारमा ऊर्जा मूल्य तीव्र रूपमा बढेको छ । संशोधित प्रस्तावमा आक्रामक सैन्य कारबाहीको कुनै उल्लेख छैन, जसले सदस्य राष्ट्रहरूबीच सहमति जुटाउने प्रयास गरिएको देखिन्छ । यद्यपि, प्रमुख शक्तिहरूको अन्तिम धारणा अझै स्पष्ट भइसकेको छैन ।

यस प्रस्तावमाथि मतदान शुक्रबारका लागि तय गरिएको थियो, तर उक्त दिन अन्तर्राष्ट्रिय धार्मिक बिदा परेकाले बैठक स्थगित गरिएको छ । अब मतदान शनिबार हुने अपेक्षा गरिएको छ ।

कूटनीतिक स्रोतहरूका अनुसार प्रस्ताव पारित गराउन अझै छलफल जारी रहेको छ र भिटो हुनबाट जोगाउने प्रयास भइरहेको छ । हालको अवस्था विश्व ऊर्जा आपूर्ति, समुद्री सुरक्षा र क्षेत्रीय स्थिरतासँग प्रत्यक्ष रूपमा जोडिएको हुँदा यस विषयलाई अन्तर्राष्ट्रिय समुदायले चासोका साथ हेरिरहेको छ ।

# पाकिस्तानमा भारी वर्षा र बाढीले त्रास, १५ जनाको मृत्यु

इस्लामाबाद, २० चैत (रासस/सिन्ह्वा) ।

पाकिस्तानको बलोचिस्तान प्रान्त र दक्षिणी बन्दरगाह शहर कराचीमा पछिल्ला २४ घण्टामा भारी वर्षा, तिव्र हावा र चट्याङसहितको तूफानले ठूलो क्षति पुऱ्याएको छ। यसमा कम्तीमा १५ जनाको मृत्यु भएको छ भने घर, सडक, बाली र पशुपन्छीमा व्यापक क्षति पुगेको छ ।

बलोचिस्तानमा दर्जनौं जिल्लामा परेको भारी वर्षाका कारण आठ जनाको मृत्यु भएको र धेरै मानिस घाइते भएका छन्। प्रान्तीय विपद व्यवस्थापन प्राधिकरणका अनुसार घर र पूर्वाधार क्षति भएको छ भने उभिएका बाली र पशुपन्छी नष्ट भएका छन् ।

कराचीमा पनि अव्यवस्थित भारी वर्षाका क्रममा बिजुली लाग्नु र पर्खाल ढल्किनुका कारण सात जनाको मृत्यु भएको छ। स्थानीय प्रशासनले सडकमा पानी जम्ने समस्या नियन्त्रण गर्न र यातायात सुचारु राख्न उपायहरू लागू गरेको छ ।

कराचीका कमिश्नर सैयद हसन नक्वीका अनुसार, अपेक्षित वर्षालाई ध्यानमा राखेर शहरभर आपतकालीन शिविर स्थापना गरिएको छ र प्रशासन उच्च सतर्कतामा रहेको छ, ताकि समयमै प्रतिक्रिया दिइन र नागरिकलाई सहयोग पुऱ्याउन सकियोस् ।

पाकिस्तान मौसम विभागले ४ अप्रिलसम्म देशका विभिन्न भागमा भारी वर्षा र चट्याङ आउने चेतावनी दिएको छ। यसका कारण बाढी, पहिरो र बालीमा थप क्षति पुग्ने सम्भावना छ ।

# विज्ञापन बोर्ड र न्यूनतम पारिश्रमिक निर्धारण समिति खारेज हुँदै

**दैनिक समाचारदाता**
**काठमाडौँ, २० चैत्र ।**

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय अन्तर्गत रहेका राजनीतिक नियुक्ति र बजेट सिध्याउने अखडामात्र बनेका दुई निकाय खारेजीमा पर्ने भएका छन् ।

अघिल्लो सरकारले गठन गरेको शासकीय सुधार तथा सुशासनसम्बन्धी कार्यदलले दिएको सुझाव अनुसार विज्ञापन बोर्ड र न्यूनतम पारिश्रमिक निर्धारण समिति खारेजीमा पर्ने भएका हुन् ।बालेन सरकारले अघि सारेको १०० बुँदे कार्ययोजना लागू गर्ने क्रममा सञ्चार मन्त्रालय अन्तर्गतका २ निकाय खारेजीमा पर्न लागेको बताइएको छ ।

विज्ञापन बोर्डका कार्यहरू सूचना तथा प्रसारण विभाग र प्रेस काउन्सिलको समन्वयमा वितीय प्रणालीमार्फत व्यवस्थापन गर्न सुझावमा भनिएको छ । बोर्डको अध्यक्ष लक्ष्मण हुमागाईं छन् ।

अध्यक्ष र सदस्य राजनीतिक नियुक्तिको प्रकृतिबाट आउने गरेका छन् । यो बोर्डले गर्नुपर्ने काम खासै केही गर्न नसकेको र तलब खाने तथा बजेट सिध्याउनेबाहेक उद्देश्यमूलक काम नभएको आरोप लाग्दै आएको छ ।त्यस्तै पत्रकारहरूको पारिश्रमिक निर्धारण गर्न बनाइएको निकाय 'न्यूनतम पारिश्रमिक निर्धारण समिति'को हालको संरचना पनि खारेज गर्न भनिएको छ। यसको सचिवालयको जिम्मेवारी सूचना तथा प्रसारण विभागलाई हस्तान्तरण गर्न सुझाव दिइएको छ । समितिको अध्यक्ष हाल संगीता खड्का छिन् । यो पनि राजनीनिक नियुक्तिको निकाय हो ।

# पेट्रोल प्रतिलिटर २ सय २ रुपैयाँ

**दैनिक समाचारदाता**
**राजविराज, २० चैत ।**

नेपाल आयल निगमले पेट्रोल, डिजेल र मट्टितेलमा प्रतिलिटर १५ रुपैयाँका दरले मूल्यवृद्धि गरेको छ । चैत २० गते रातीदेखि लागु हुनेगरी आयल निगमले मूल्यवृद्धि गरेको जनाएको छ ।

नयाँ वृद्धि गरिएको मूल्य अनुसार अब तेस्रो वर्ग अर्थात काठमाडौं, पोखरा र दिपायलमा पेट्रोलको मूल्य प्रतिलिटर २०२ रुपैयाँ पुगेको छ । यसअघि १८७ रुपैयाँ थियो । यी तीन ठाउँमा यसअघि डिजेल र मट्टितेलको मूल्य १६७ रुपैयाँ लिटर रहेकामा अब १८२ रुपैयाँ पुगेको छ ।

यस्तै पहिलो वर्गअन्तर्गत रहेका चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलवारी, नेपालगञ्ज, धनगढी र वीरगञ्जमा यसअघि पेट्रोलको मूल्य प्रतिलिटर १८४ रहेकामा अब १९९ रुपैयाँ ५० पैसा पुगेको छ, भने डिजेल र मट्टितेलको मूल्य यसअघि प्रतिलिटर १६४ रुपैयाँ ५० पैसा रहेकामा अब बढेर १७९ रुपैयाँ ५० पैसा कायम भएको छ ।

यस्तै दोस्रो वर्गमा रहेका सुर्खेत र दाङमा यसअघि पेट्रोलको मूल्य प्रतिलिटर १८६ रुपैयाँ रहेकामा अहिले बढेर २०१ रुपैयाँ पुगेको छ । यस्तै त्यहाँ डिजेल/मट्टितेलको मूल्य पहिले प्रतिलिटर १६६ रुपैयाँ रहेकामा अब बढेर १८१ रुपैयाँ पुगेको छ ।

आयल निगमले यो मूल्य समायोजनपछि पनि १५ दिनमा ११ अर्ब ७१ करोड निगमलाई घाटा हुने जनाएको छ ।

# मोटरसाइकल चोरी घटनामा तीन युवक पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २० चैत ।**

सप्तरी प्रहरीले मोटरसाइकल चोरी घटनामा संलग्न तीन जना युवालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा राजविराज नगरपालिका वडा नं. १० का १९ वर्षीय शिवनन्दन यादव, वडा नं. ४ का १९ वर्षीय संजु यादव र सोही वडाका १९ वर्षीय मो. अफताव छन् ।

प्रहरीका अनुसार बिहीबार राति राजविराज नगरपालिका वडा नं. ३ स्थित पोखरेल टोल जाने बाटोमा स्थानीय लालबाबु ठाकुरको घर अगाडि पार्किङ गरी राखिएको मोटरसाइकल चोरी भएको थियो ।

चोरीपछि करिब पाँच सय मिटर टाढा लगेर मोटरसाइकलको तार सर्ट गरी लैजाँदै गरेको अवस्थामा प्रहरी गस्ती टोलीले शंका लागि जाँच गर्ने क्रममा तीनै जनालाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए ।

पक्राउ परेकाहरुलाई चोरी मुद्दामा सप्तरी जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी थप अनुसन्धान कार्य भइरहेको उनले बताए ।

# व्यक्ति वेपता पारेको कसुर मुद्दाका प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २० चैत ।**

गत भदौं २ गते सप्तरीको बोदेबर्साईन नगरपालिका ७ स्थित एक नाबालिकालाई वेपत्ता बनाएको कसुर मुद्दामा प्रहरीले एक फरार प्रतिवादीलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सोही नगरपालिका वडा नं. ९ बस्ने २१ वर्षिय चन्दन दास रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । उनलाई प्रहरीले चैत १९ गते जिल्लाको सुरुङ्गा नगरपालिका वडा नं. ६ बाट पक्राउ गरेको हो ।

प्रहरीले दिएको घटना विवरण अनुसार नाबालिकाकाले दिएको जाहेरीमा बोदेबर्साईन ७ स्थित महेन्द्र चुनी माध्यमिक विद्यालय मानराजामा परीक्षा दिई घर फर्कि आउन लाग्दा कंचन कुमारी दास, रामवृक्ष दास र सुरेन्द्र दास समेतको संलग्नतामा बिपक्षी मध्ये चन्दन दासले बिभिन्न झुठा कुरा भनि आफ्नो वोलिमा प्रभाव पारी झुठा सपना देखाई ललाई फकाई सो ठाउँबाट बेपत्ता बनाएको उल्लेख छ ।

घटना पश्चात फरार रहेका प्रतिवादिलाई पक्राउ गरि कानुन बमोजिम पक्राउ गरी व्यक्ति वेपता पारेको सम्बन्धी कसुर मुद्दामा सप्तरी जिल्ला अदालतबाट ७ दिनको म्याद थप गराई इलाका प्रहरी कार्यालय कडरवोना सप्तरीबाट थप अनुसन्धान कार्य भई रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं प्रहरी नायव उपरिक्षक डम्बर बहादुर पुरीले जानकारी दिए ।

# नयाँ शैक्षिकसत्र सुरु भएपछि मात्र भर्ना लिन सर्वोच्चको आदेश

काठमाडौँ, २० चैत (रासस) ।

सर्वोच्च अदालतले शैक्षिकसत्र सुरु भएपछि मात्रै विद्यालयहरुमा नयाँ भर्ना लिन अन्तरिम आदेश दिएको छ ।

विद्यार्थीको वार्षिक परीक्षाको परीक्षाफल प्रकाशित नभएको र शैक्षिक सत्र सुरु नभएको तथा शिक्षा नियमावली, २०५९ को नियम ७८ (१) (ग) बमोजिम लब्धाङ्कपत्रलगायत आवश्यक सक्कल प्रमाणपत्रसमेत प्राप्त नभएको अवस्थामा विद्यालयहरूले भर्नाको सूचना प्रकाशन नगर्न आदेश दिइएको हो । न्यायाधीश बालकृष्ण ढकालको एकल इजलासले शिक्षा नियमावली, २०५९ अनुसार शैक्षिक सुरु भएपछि विद्यार्थी भर्ना प्रक्रिया सञ्चालन गर्नुपर्ने आदेश दिएको हो । हरेक वर्ष वैशाख २ गतेदेखि नयाँ शैक्षिक सत्र सुरु हुन्छ ।

आदेशमा परीक्षा नतिजा, शैक्षिक सत्र र आवश्यक प्रमाणपत्रबीच समन्वय कायम गर्नुपर्ने उल्लेख गरिएको छ । अदालतले सम्बन्धित निकायलाई प्रचलित कानुनअनुसार कार्य गर्न निर्देशन दिँदै विपक्षीलाई १५ दिनभित्र लिखित जवाफ पेस गर्न आदेश दिएको छ ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरद्वारा यही चैत ५ गते प्रकाशित सूचनामा वार्षिक परीक्षा सम्पन्न गरी नतिजा प्रकाशन पश्चात नयाँ शैक्षिक सत्र २०८३ सुरु भएपछि मात्रै भर्ना कार्यक्रम सञ्चालन गर्न निर्देशन दिइएको थियो । तर, उक्त निर्देशनविपरीत हालै विभिन्न छापा तथा विद्युतीय सञ्चार माध्यममार्फत विद्यार्थी भर्नाका सूचना प्रकाशित भएको पाइएको अदालतको आदेशमा उल्लेख छ ।

# तीन जिल्लामा बर्ड फ्लू संक्रमण : ८५ हजार कुखुरा नष्ट

झापा, २० चैत (रासस) ।

बर्ड फ्लूको समस्या देखिएपछि कोशी प्रदेशका तीन जिल्लामा करिब ८५ हजार कुखुरा नष्ट गरिएको छ ।

पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय विराटनगरका वरिष्ठ पशु विकास अधिकृत डा गङ्गाराम यादवका अनुसार बर्ड फ्लू (एच ५एन १) को सङ्क्रमण पुष्टि भएका तीन जिल्लाका २२ व्यावसायिक फार्ममा कुखुरा नष्ट गरिएको हो । प्रदेशका १४ जिल्लामध्ये झापा, मोरङ र सुनसरीमा बर्ड फ्लूको सङ्क्रमण फैलिएको छ ।

वरिष्ठ पशु विकास अधिकृत डा यादवका अनुसार मोरङका आठ, झापाका दुई र सुनसरीका १२ फार्ममा बर्ड फ्लूको सङ्क्रमण देखिएको हो । सत्तरी हजार लेयर्स, सात हजार बोइलर प्यारेन्ट, एक हजार बोइलर, चार हजार चल्ला र दुई हजार ३२५ स्थानीय जातका कुखुरा नष्ट गरिएको छ । कुखुरासँगै ५७ हाँस, दुई लाख २७ हजार अण्डा र २८ हजार किलो दाना नष्ट गरिएको उहाँले बताउनुभयो ।

सङ्क्रमण थप फैलिन नदिन निर्देशनालयले फार्म वरपरको क्षेत्रमा उच्च सतर्कता अपनाउँदै पंक्षीजन्य वस्तुको आयात निर्यातमा रोक लगाएको वरिष्ठ पशु विकास अधिकृत डा यादवले बताउनुभयो । विभागले सङ्क्रमित क्षेत्रबाट पंक्षी तथा पंक्षीजन्य वस्तुको ओसारपसारमा पूर्ण रोक लगाउँदै अन्य जिल्लामा निगरानी बढाएको छ । एच ५ एन १ भाइरस पंछीबाट मानिसमा सर्न सक्ने जोखिम रहेकाले यसप्रति सजग रहन निर्देशनालयले आग्रह गरेको छ ।

# घुस रकमसहित प्रहरी निरीक्षक पक्राउ

**दैनिक समाचारदाता**
**धनुषा, २० चैत ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले धनुषाको मिथिला नगरपालिका-१० लालगढबाट सशस्त्र प्रहरी बलका एक प्रहरी निरीक्षकलाई रु ४० हजार घुस रकमसहित पक्राउ गरेको छ । पक्राउ पर्नेमा प्रहरी निरीक्षक वकिल अधिकारी रहेका छन् ।

अख्तियारको बर्दिवास कार्यालयका अनुसार कमला-ढल्केवर-बाग्मती सडक निर्माण आयोजनाअन्तर्गत माटो तथा ग्राभेल फिलिङ कार्य गरिरहेका एक ठेकेदारसँग घुस लिँदै गर्दा प्रहरी निरीक्षक अधिकारीलाई शुक्रबार पक्राउ गरिएको हो ।

प्रहरी निरीक्षक अधिकारीमाथि विभिन्न बहानामा निर्माणमा प्रयोग हुने सवारी साधन रोक्ने तथा काममा अनावश्यक बाधा गर्ने आरोप छ ।

यही क्रममा ठेकेदारसँग रकम मागेको सूचनाका आधारमा अख्तियारको टोलीले प्रहरी निरीक्षक अधिकारीलाई घुस रकमसहित पक्राउ गरेको हो । उनीमाथि थप अनुसन्धान भइरहेको अख्तियारले जनाएको छ ।

# सरकारी र निजी अस्पतालमा १० प्रतिशत नि:शुल्क शय्या

काठमाडौँ, २० चैत (रासस) ।

सरकारले सरकारी र निजी अस्पतालमा १० प्रतिशत शय्या नि:शुल्क गर्ने व्यवस्थालाई कडाइका साथ लागू गर्ने निर्णय गरेपछि अस्पतालहरुले यो व्यवस्था कार्यान्वयन गर्न थालेका छन् ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले एक सूचनामार्फत स्वास्थ्य क्षेत्रसँग सम्बन्धित कार्यहरुको पछिल्लो प्रगति विवरण सार्वजनिक गर्दै ३२ अस्पताल (१९ निजी र १३ सरकारी) का १० प्रतिशत शय्यामा नि:शुल्क उपचार प्रदान गरिएको जानकारी गराएको हो । सरकारले विपन्न, असहाय तथा बेवारिसे बिरामीले अस्पताल सेवामा पहुँच नपाउने, आर्थिक कारणले उपचारबाट वञ्चित अवस्थाको अन्त्य गर्न र निजी-सरकारी दुवै क्षेत्रमा सामाजिक उत्तरदायित्व अभिवृद्धि गर्न सरकारी तथा निजी अस्पतालका कूल शय्यामध्ये कम्तीमा १० प्रतिशत नि:शुल्क उपलब्ध गराउने व्यवस्था कडाइका साथ तत्काल कार्यान्वयन गर्ने निर्णय गरेको थियो ।

चैत १३ मा मन्त्रिपरिषद्ले निर्णय गरे बमोजिम शासकीय सुधारको कार्यसूचीमा स्वास्थ्य क्षेत्रका सुधारमा विभिन्न ६ बुँदा समेटिएको थियो । जसअनुसार वीर अस्पताल, गङ्गालाल हृदय केन्द्र, कान्ति बाल अस्पताल लगायतका अस्पतालहरूमा सेवाको गुणस्तर सुधारका लागि अनुगमन गरी आवश्यक सुधारका लागि पृष्ठपोषण गरिएको मन्त्रालयले जनाएको छ ।

साथै, अस्पताल सेवा सुधार निर्देशिकाको प्रारम्भिक मस्यौदा तयार गरिएको छ । सुदूरपश्चिम प्रदेशको टीकापुर, महाकाली र सेती प्रादेशिक अस्पतालका साथै मधेस प्रदेशको कलैया अस्पतालमा जलन वार्ड स्थापना तथा सेवा सञ्चालनको तयारी सुरु गरिएको छ । साथै, मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठान, जनकपुरमा अवरुद्ध रहेको जलन उपचार सेवा पुन:सञ्चालन गरिएको स्वास्थ्य मन्त्रालयले जानकारी गराएको छ ।

सुदूरपश्चिम, मध्य तथा पूर्वी नेपालका पहाडी क्षेत्रमा आपतकालीन स्वास्थ्य सेवाका लागि एयर एम्बुलेन्स तयारी अवस्थामा राख्ने सम्बन्धमा आवश्यक व्यवस्था हाल कार्यान्वयनमा रहेको छ । दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरीका लागि हवाई उद्धारसम्बन्धी कार्यविधिमा आवश्यक संशोधन गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँग परामर्श तथा समन्वय गरिएको छ ।

यसैगरी स्वास्थ्य क्षेत्रका गुनासोहरू सङ्कलन गर्न क्युआर कोड र छुट्टै इमेलको व्यवस्था गरिएको छ । साथै, एकीकृत प्रणालीमार्फत गुनासो सम्बोधन कार्य सुरु गरिएको मन्त्रालयले जनाएको छ ।

# डीपी अर्याल सभामुखमा निर्विरोध

**दैनिक समाचारदाता**
**काठमाडौँ, २० चैत ।**



राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डोलप्रसाद (डीपी) अर्याल प्रतिनिधिसभाको सभामुखमा निर्विरोध निर्वाचित भएका छन् ।

संघीय संसद् सचिवालयले सभामुखमा उम्मेदवारी दर्ताका लागि तोकेको समयमा अर्यालको मात्रै उम्मेदवारी परेको प्रवक्ता सहसचिव एकराम गिरीले जानकारी दिए ।

सचिवालयले शुक्रबार विहान ११ बजेदेखि २ बजेसम्म उम्मेदवारी दर्ताका लागि समय तोकेको थियो । त्यो समयमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति तथा प्रतिनिधिसभा सदस्य रवि लामिछाने प्रस्तावक तथा अर्थमन्त्री डा.स्वर्णिम वाग्ले, कानुन न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतम र भौतिक पूर्वाधार मन्त्री सुनिल लम्साललाई समर्थक राखेर अर्यालले उम्मेदवारी दर्ता गराएका प्रवक्ता गिरीले जानकारी दिए ।

२ सय ७५ सदस्यीय प्रतिनिधि सभामा राष्ट्रिय स्वतन्त्र पार्टीको १ सय ८२ सिट रहेको छ । उनलाई आइतबार बस्ने प्रतिनिधिसभाबाट सभामुखमा निर्विरोध निर्वाचित भएको घोषणा गरिनेछ ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*